

प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०९) पोखरा, असोज २९ गते, २०८३ साल (संख्या १३

भाग ३

गण्डकी प्रदेश सरकार

आर्थिक मामिला मन्त्रालयको सूचना

बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत (पाँचौ संशोधन) कार्यविधि,२०८३

प्रस्तावना: बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ६० ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत (पाँचौ संशोधन) कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **"बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा २ मा संशोधनः** "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" (यस पछि मूल कार्यविधि भनिएको) को दफा २ को,-

(१) खण्ड (ठ) को सट्टा देहायको खण्ड (ठ) राखिएको छः –

"(ठ) बहुवर्षीय आयोजना" भन्नाले दफा ६ बमोजिमको आयोजना सम्झनु पर्छ।"

(२) खण्ड (ञ) पछि देहायको खण्ड (ञ१) थपिएको छः –

"(ञ१) "प्रदेश गौरवका आयोजना" भन्नाले प्रदेश सरकारले प्रदेश गौरवका आयोजना भनी निर्णय गरेका आयोजना सम्झनु पर्छ।

३. **मूल कार्यविधिको दफा ४ मा संशोधनः** मूल कार्यविधिको दफा ४ को उपदफा (२) झिकिएको छ।

४. **मूल कार्यविधिको दफा ६ मा संशोधनः** मूल कार्यविधिको दफा ६ को,-

(१) उपदफा (१) मा देहायको प्रतिबन्धात्मक बाक्यांश थपिएको छः-

"तर, मोटरेबल पुल, बेली ब्रिज, झोलुङ्गे पुल निर्माण सम्बन्धी कार्यमा बजेट विनियोजन र कुल लागतको सीमा लागु हुने छैन। साथै, विपद वा महामारी व्यवस्थापन तथा विपद् पछिको पुनः निर्माण सम्बन्धी कार्यको नयाँ खर्च शीर्षकमा समेत यस्तो सीमा लागु हुने छैन।"

(२) उपदफा (२) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः –

"(ग) आयोजना अवधिभर पूर्वाधार निर्माणको डिजाइन सारभूत रुपमा परिवर्तन नहुने भएमा।"

(३) उपदफा (२) को खण्ड (घ) झिकिएको छ।

(४) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः –

"(३) विषयगत मन्त्रालयले यस दफा बमोजिम कुनै आयोजनालाई बहुवर्षीय आयोजनाको रूपमा कार्यान्वयनको लागि खरिद सम्झौता गर्न आवश्यक ठानेमा अनुसूची-१ र अनुसूची-२ बमोजिमको ढाँचामा विवरण भरी विषयगत मन्त्रालयका सचिवले प्रमाणित गरी पुस मसान्तभित्र आर्थिक मामिला मन्त्रालयमा प्रस्ताव पेस गर्न सक्नेछ।

तर, उपदफा (१) को प्रतिबन्धात्मक बाक्यांशमा उल्लिखित आयोजना बाहेक पाँच करोड रुपैयाँ भन्दा कम लागत अनुमान भएका र कुल लागत अनुमानको कम्तीमा बीस प्रतिशत खुद बजेट बिनियोजन नभएको आयोजना

बहुवर्षीय आयोजनाको रुपमा कार्यान्वयनका लागि आर्थिक मामिला मन्त्रालयमा पेस गर्न सकिने छैन।"

(५) उपदफा (३क) मा रहेका "चैत पन्ध्र गते भित्र" भन्ने शब्दहरुको सट्टा "फागुन पन्ध्र गते भित्र" भन्ने शब्दहरु राखिएका छन्।

(६) उपदफा (१०) मा रहेका "फागुन मसान्तभित्र ठेक्का प्रक्रियाको" भन्ने शब्दहरुको सट्टा "बैशाख पन्ध्र गतेभित्र खरिद प्रक्रियाको" भन्ने शब्दहरु राखिएका छन्।

(७) उपदफा (१०) मा देहायको प्रतिबन्धात्मक बाक्यांश थपिएको छः–

"तर, जनस्वास्थ्य र विपद् व्यवस्थापन सम्बद्ध आयोजनाको हकमा उपदफा (१०) बमोजिमको समयावधिभित्र खरिद प्रक्रिया सुरु हुन नसकेमा विषयगत मन्त्रालयबाट आधार र कारण सहित म्याद थपको लागि आर्थिक मामिला मन्त्रालयमा अनुरोध भई आएमा बहुवर्षीय स्रोत सहमति प्रदान गर्दा तोकिएको सर्तको अधिनमा रही आर्थिक मामिला मन्त्रालयले त्यस्तो बहुवर्षीय स्रोत सहमतिको म्याद थप गर्न सक्नेछ। यसरी म्याद थप गरिएको आयोजनाको स्रोत सुनिश्चितताको अवधि उपदफा (१२) बमोजिम हुनेछ।"

(८) उपदफा (१२) को सट्टा देहायको उपदफा (१२) राखिएको छः –

"(१२) प्रदेश गौरवका आयोजना बाहेक अन्य बहुवर्षीय आयोजनाको अवधि तीन आर्थिक वर्षभन्दा बढी हुनेछैन।"

५. **<u>मूल कार्यविधिको दफा १४ मा संशोधनः</u>** मूल कार्यविधिको दफा १४ कों,-

(१) उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः –

"(क) लक्षित समूह र समुदायस्तरमा सञ्चालन हुने लोपोन्मुख स्थानीय पशुपन्छी, रैथाने तथा स्थानीय बालीको उत्पादन प्रवर्द्धन, विविधिकरण एवम् उपयोग सम्बन्धी कार्यक्रमको हकमा अनुदानको प्रतिफल सुनिश्चित हुनेगरी नब्बे प्रतिशतसम्म,"

(२) उपदफा (१) को खण्ड (छ) मा देहायको प्रतिबन्धात्मक बाक्यांश थपिएको छः-

"तर, बीउ उत्पादनको हकमा सुरु विक्री मूल्यको बीस प्रतिशतसम्म प्रोत्साहन अनुदान उपलब्ध गराउन सकिनेछ।"

६. **<u>मूल कार्यविधिको दफा २२ मा संशोधनः</u>** मूल कार्यविधिको दफा २२ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः –

"(४) विगतमा सञ्चालित चक्लाबन्दी कार्यक्रमको नापनक्सा गर्न बाटो कुलो र निकासको लागि कट्टा गर्नु पर्ने क्षेत्रफल कट्टा गरी बाँकी प्लटहरुको मिलान गर्न स्थानीय तहमार्फत सम्बन्धित भूमि प्रशासन र जग्गा नापनक्सा सम्बन्धी कार्य गर्ने कार्यालयमा कागजात पेस गर्नु पर्नेछ।"

७. **<u>मूल कार्यविधिको अनुसूची-७ मा संशोधनः</u>** मूल कार्यविधिको अनुसूची-७ को बुँदा नं.६ को सट्टा देहायको बुँदा नं. ६ राखिएको छः –

"६. चक्लाबन्दी कार्यक्रम सञ्चालन सम्बन्धी अन्य कुराहरु जग्गा (नापजाँच) ऐन, २०१९ को दफा ११ (ग), जग्गा (नापजाँच) नियमावली, २०५८ को नियम २४, भू-उपयोग ऐन, २०७६ को दफा १० को उपदफा (२) र (३) का साथै भू-उपयोग नियमावली, २०७९ को दफा १३ को उपदफा (१), (२), (३) बमोजिम हुनेछ।"